लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
गुल्मी, नेपाल

email : csidbgulmi@gmail.com
फोन नं ०७९-५२०-११२

## प्रशिक्षक सूचीकृत हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०।०८।१९

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित कार्यालयमा सूचीकृत हुन अनुरोध छ ।

**तपसिलः**

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिमको नाम |
|---|---|
| १ | हाते ट्र्याक्टर र पावर ट्रिलर मर्मत |
| २ | सेरामिक्सका सामग्रीहरु निर्माण गर्ने |
| ३ | गड्यौलाबाट कम्पोष्ट मल बनाउने तथा गड्यौला र प्रविधि हस्तान्तरण कार्यक्रम |
| ४ | कफि उद्योगको विकास र प्रवर्द्धन तथा प्रविधिमा सहयोग |
| ५ | उखु क्रसिङ्ग एवम् प्याकेजिङ्गका लागि सीपमूलक तालिम एवं प्रविधि हस्तान्तरण |
| ६ | सुन्तला उत्पादन क्षेत्रमा कृषि सहकारीकर्मीहरुलाई सुन्तला जुस उत्पादन तथा प्याकेजिङ्ग तालिम एवं प्रविधि हस्तान्तरण |
| ७ | विपन्न मुक्त कमैया/कम्लहरी माझी कुमाल चुनारा एवं लोपोन्मुख सीमान्तकृत नागरिकका लागि चुरा बनाउने तालिम |
| ८ | सैलुन व्यवसाय सञ्चालन गर्नका लागि सीप विकास तालिम तथा प्रविधिमा सहयोग |
| ९ | पलम्बिङ्ग तथा हाउस वायरिङ्ग तालिम (३९० घण्टे) |
| १० | अल्लो प्रोसेसिङ्ग तालिम (१६० घण्टे) |
| ११ | बाँसबाट विभिन्न फर्निचरका सामग्री बनाउने तालिम (३९० घण्टे) |
| १२ | प्रारम्भिक तालिम प्राप्त गरीसकेका व्यक्तिहरुका लागि मागमा आधारित स्तरोन्नती तालिम |

**प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभव**

| क्र.सं. | पद | शैक्षिक योग्यता, तालिम वा अनुभव | कैफियत |
|---|---|---|---|
| १. | प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । | |
| २. | सहायक प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको । | |

**पुनश्चः**

- ✓ प्रशिक्षक सूचीकृत फाराम यसै सूचनाको साथ संलग्न गरिएको छ साथै कार्यालयको website: www.csigulmi.p5.gov.np बाट समेत उक्त फाराम प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा ९७४९७८२५०० मा सम्पर्क गर्न सकिनेछ ।

सुरेन्द्र भण्डारी
उद्योग अधिकृत
(अधिकृत सातौं)

# प्रशिक्षक सूचीकृत फाराम

श्रीमान् उद्योग अधिकृत ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी ।

विषयः प्रशिक्षक सूचीकृत सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट सञ्चालन हुने ........................................................ तालिमको लागि प्रशिक्षक आवश्यक भएको व्यहोरा जानकारी आएकोले मैले उक्त विषयमा विगतका केही वर्षदेखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचीकृत गरिपाउँ भनी तपसिल बमोजिम कागजातसहित यो निवेदन पेश गरेको छु।

**तपसिलः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित विषयको तालिम सञ्चालन सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

**निवेदक**

नामः

ठेगानाः

हस्ताक्षरः

सम्पर्क नं.: